दर्ता नं २८८२६५/०७८/०७९
पान ६१०२५९०९६

हाइडेन्सीटी पोलीथिन पाईप म्यानुफेक्चर्स एसोसियसन अफ नेपाल

बालाजु, काठमाण्डौं ।

एच.डि.पी पाईपमा भारी मुल्यबृद्धि भनि आएका समाचारहरु प्रति गम्भिर ध्यानाकर्षण गर्दै एच.डि.पि पाईप उत्पादक संघको सरोकारवालामा जारी गरिएको

प्रेश विज्ञप्ती

विश्वव्यापी आपूर्ति श्रृंखलामा देखिएको अस्थिरता र भू-राजनीतिक तनावका कारण हाल मध्यपूर्व तथा पश्चिम एसियामा जारी द्वन्द्वले कच्चा तेलको आपूर्तिमा गम्भीर असर पारेको छ, जसका परिणामस्वरूप कच्चा तेलको ढुवानी प्रक्रिया उल्लेख्य रूपमा प्रभावित भएको अवस्था सर्वविदितै छ । विगत केहि दिनयता एच.डि.पी पाईप उत्पादक उद्योगीहरुले मुल्यमा ३० देखि ४० प्रतिशत अस्वभाविक मुल्यबृद्धि गरेको भन्ने आशयका समाचार केहि राष्ट्रिय स्तरका पत्रपत्रिकामा प्रकाशन भएकोमा यस सघंको गम्भिर ध्यानाकर्षण भएको छ । सो सम्बन्धमा यस सघंको आधिकारीक धारणा यसै प्रेश विज्ञप्ती मार्फत सम्पुर्ण सरोकारवालाहरुमा जानकारी गराउदछौं ।

१. एच.डि.पी पाईपमा प्रयोग गरिने कच्चा पदार्थ (एच.डि.पी ग्रानुयल्स) कच्चा तेलको प्रशोधन गरि उत्पादन गरिन्छ । हाल मध्यपुर्व तथा पश्चिम एशियामा जारी तनावका कारण भारत लगायत तेस्रो मुलुकबाट आयात गरिने कच्चा पदार्थको ढुवानी विगत केहि समय देखि नै अवरुद्ध भईरहेको जानकारी गराउन चाहान्छौं । हाल केही उद्योगहरुमा कच्चा पदार्थको मौज्दात शुन्य भएकोले उद्योगनै बन्द रहेको अवस्था छ भने केहि उद्योगहरु बन्द हुने संघारमा रहेका छन् ।

२. प्रतिशपर्धात्मक बजारमा मुल्यलाई माग र आपुर्तिले निधारर्ण गर्ने गर्दछ जसले गर्दा हाल प्राप्त कच्चा पदार्थको नयाँ मुल्यमा करिव ६२ प्रतिशतको उच्च बृद्धि भएको छ । इन्धनमा भएको मुल्यबृद्धिले ढुवानी खर्च बृद्धि गर्ने तथा अमेरिकन डलरको विनिमय दरको बृद्धिलाई समेत समायोजन गर्दा थप भार पर्ने देखिन्छ । मध्यपुर्वमा जारी तनाव पुर्ण रुपमा हल भई कच्चा पदार्थको यथेष्ठ परिमाणमा

दर्ता नं २८८२६५/०७८/०७९
पान ६१०२५९०९६

हाइडेन्सीटी पोलीथिन पाईप म्यानुफेक्चर्स एसोसियसन अफ नेपाल
बालाजु, काठमाण्डौं ।

सहज रुपमा आपुर्ति नभएसम्म मुल्यबृद्धिको सिमा यकिन गर्न नसकिने जानकारी गराउन चाहान्छौं ।

३. यस सघंका सदस्य उद्योगहरुको विभिन्न खानेपानी कार्यालयहरु लगायत गैर सरकारी संस्थाहरुसगं भएका बोलपत्र सम्झौता, निर्माण व्यवसायीहरुसगं भएका विक्रि सम्झौता, विभिन्न उपभोक्ता समिती, स्थानिय निकाय आदिहरुसंग गरिएका पाईप आपुर्तिका सम्झौताहरुमा उल्लेख गरिएका मूल्य, कार्य सम्पन्न अवधि लगाएतका बूंदाहरुमा आपसी समझदारीमा समायोजन गर्न अपिल गर्दछौं ।

४. बैंक तथा वित्तिय संस्थाहरुलाई समेत यस्तो विषम परिस्थितीमा हदै सम्मको लचकता अपनाई सहयोग गरिदिनुहुन अपिल गर्दछौं ।

५. नेपालमा एच.डि.पी पाईपको उत्पादन तथा विक्री वितरणमा बर्षौं देखि संलग्न यस सघंका सदस्य उद्योगीहरु लगायत निमार्ण व्यवसायीहरुमा यस विषम परिस्थितीमा सुझबुझ र धैयर्ता अपनाई कार्य गर्नु हुन समेत अपिल गर्दछौं ।

साथै, माथि उल्लेखित जायज कारणहरु बाहेक परिस्थितीको फाइदा उठाई अस्वभाभिक मुल्यबृद्धिमा संलग्न जो कोहिलाई पनि कानुन बमोजिम कारवाही गर्न नेपाल सरकारसगं यस सघं ध्यानाकर्षण गर्दछ । सम्पुर्ण उद्योगी सदस्यहरुको पेशागत हक हितका लागि यस सघं अहोरात्र खटिने प्रतिवद्धता जाहेर गर्दै यस असामान्य परिस्थितीमा हदैसम्मको नैतिकता प्रदर्शन गरि उद्योग संचालन गर्न समेत हार्दिक अपिल गर्दछ ।

धन्यवाद ।

निराजन सिमखडा

अध्यक्ष